# एशियाको हात्ती

# शैक्षिक नोटबुक
## तेस्रो चक्र



STAND UP 4 ELEPHANTS
SU4E

**स्ट्यान्ड अप फर एलिफेंट** र उसको स्वयंसेवक द्वारा उत्पादित

## खेल सुरु भयो

हामीसंग नेपालको रमणीय जंगलमा साहसिक र रोमाञ्चक कार्यको अनुसरण गर्नुहोस् र हात्तीको बारेमा धेरै कुरा सिक्नुहोस्!

हात्ती गतिविधिका माध्यमबाट एउटा अविश्वसनीय जनावर पत्ता लगाउनुहोस्!

**के तपाई यसका लागि तयार हुनुहुन्छ?**

महान! उत्तरहरू खोज्न र रहस्य सुल्झाउन तपाईले टीममा काम गर्नुपर्नेछ।

टीम अलग गर्नुहोस् र तपाईको रंग छनौट गर्नुहोस्। अनि हेरम सबैभन्दा शक्तिशाली को हुने छ?



# भूगोलको जानकारी

पहिले, हामी तपाईलाई हात्तीहरूको बारेमा आधारभूत कुरा सिकाउन जाँदैछौं!

पृथ्वीमा हात्तीको दुई किसिमका प्रजातिहरू छन्, ती दुई जनावरहरू एकै ठाउँमा बस्दैन तर धेरै समान छ।

**<u>तपाईको विचारमा कुन दुई महाद्वीपमा यी दुई प्रजातिहरू बस्छन्?</u>**



यूरोप



अफ्रीका



एशिया



अन्टार्कटिका



उत्तरी अमेरिका




दक्षिण अमेरिका

# दुइ प्रजातिहरू बिचको भिन्नता

जे होस् यी दुई प्रजातिहरू एक जस्तै देखे पनि तिनीहरू फरक महाद्वीपमा बस्छन् त्यसैले त्यहाँ बस्ने वातावरणमा निर्भर भिन्नताहरू छन्।






**के तपाई सकेसम्म धेरै फरक पाउन को लागि चलाख हुन सक्नुहुन्छ?**



| प्र.स. | अफ्रिकी हात्ती | प्र.स. | एशियाई हात्ती |
|---|---|---|---|
| क | | क | |
| ख | | ख | |
| ग | | ग | |
| घ | | घ | |
| ङ | | ङ | |

# भिन्नता भन्दा बढि

## दुई प्रजाति बीचको भिन्नता!

| प्र.स. | अफ्रिकी हात्ती | एशियाई हात्ती |
|---|---|---|
| १ | ठूलो आकार  | सानो आकार  |
| २ | कानहरु ठूला हुन्छन् | कानहरु साना हुन्छन् |
| ३ | कानहरु अफ्रिकाको आकारको हुन्छ | कान भारतको आकारको हुन्छ (एशिया) |
| ४ |  सुडमा दुई औंला जस्तै आकारहरु हुन्छ |  सुडमा एउटा औंला जस्तै आकार हुन्छ |
| ५ | दुवै भाले र पोथीको दारा हुन्छ | खाली भालेको मात्र दारा हुन्छ |
| ६ | वर्गाकार टाउको  | खोपल्ट परेको टाउको  |
| ७ |  धस्सेको ढाड |  उठेको ढाड |

## त्यसोभए, कसले सब भन्दा सहि उत्तरहरु पायो?

STAND UP 4 ELEPHANTS
SU4E

# हात्तीहरु कसरी जीवन बिताउँछन?

हात्तीहरू सामाजिक पशु हुन्। तिनीहरू समूहमा बस्छन् जसलाई बथान भनिन्छ। उनीहरूको प्रमुख सबैभन्दा पुरानो महिला हुन् किनभने उनलाई सबै कुरा थाहा छ। हामी उनलाई मातृवाहक भन्छौं।





एउटा हात्तिको समूहमा, पोथी र युवा हात्तीहरु हुन्छन। भाले हात्तीहरू वयस्क भैसके पछि तिनीहरूको आफ्नै वा अर्को पुरुष साथीसँग जंगलमा घुम्दै बस्छन्। जब एउटा पोथी हात्तीले बच्चा जन्माउछ तब उसले २ बर्ष गर्भमा राखेर हुर्काउछ । सो बच्चा जन्मदा १०० किलोग्राम तौलको हुन्छ।

**एउटा हात्ती लगभग ८० बर्षको उमेर सम्म बाँच्न सक्छ।**



SU4E STAND UP 4 ELEPHANTS

# प्रश्नोत्तरी प्रतियोगिता

**अर्को चरण: यदि तपाईंले भिन्नताहरूलाई सही तरिकाले छुटाउन सक्नुभएको छ भने, मलाई लाग्छ तपाई यस प्रश्नोत्तरीमा गलत हुन सक्नुहुन्न।**



**१) हात्तीको दारा के हो?**

क) सिंङ़
ख) दाँत
ग) नड़



**२) कुन हात्तिको प्रजातिको कान ठुलो हुन्छ?**

क) अमेरिकी
ख) एशियाई
ग) अफ्रिकी



**३) जन्मदा हात्तीको बच्चाको तौल कति हुन्छ?**


क) ५०
ख) १००
ग) २००


STAND UP 4 ELEPHANTS
SU4E

# हात्तीहरुले के खान्छन?

हात्ती शाकाहारी जन्तु हुन्। जसको अर्थ तिनीहरु केवल बोटबिरुवाहरु खान्छन् मासु होइन, साकाहारी मानिस जस्तै।

**<u>हात्तीहरुले के खान सक्छन भनेर गोलो लगाउनु होस्:</u>**




















# हात्तीको शक्ति

हात्तीहरु जमिनमा बस्ने सबैभन्दा ठूलो पशु हो। एउटा भाले अफ्रिकी हात्तीको तौल ६५०० के.जी र भाले एशियाई हात्तीको तौल ५५०० केजी सम्म हुन सक्छ। पोथी हात्तीहरू भने भाले हात्ती भन्दा १००० के.जीले सानो हुन्छन्। हात्तीहरुको धेरै मांसपेशिहरु हुन्छ, मुख्य तय उनीहरुको सुड।

**हामी तपाईको शरीरलाई हात्तीको सुडसँग तुलना गर्दैछौ:**




सुड नै नाक हो जुन धेरै साना मांसपेशिहरुले बनेको हुन्छ। हात्तीले पानी पिउन सुडलाई पानीमा डुबाउँछ र त्यस भित्र पानी तानेर उसको मुखमा थुक्छ। हात्तीहरु पौंडी खेल्न महान हुन्छन र आफ्नो सुडलाई स्नोरकलले जस्तै प्रयोग गर्छन्। उसले खाना पनि समात्न सक्छ वा खेल्न वस्तुहरू समात्न सक्छ। हात्तिको एस्तो ठुलो नाक भएको ले हात्तीहरु कुकुर भन्दा ४ गुना राम्रो गन्ध लिन सक्ने क्षमता हुन्छ।



# **हात्तीको शक्तिहरु**

हात्तीहरु धेरै बुद्धिमान जनावरहरू हुन्। तिनीहरूको धेरै राम्रा स्मृति हुन्छ, तिनीहरूले आफूले गएको सबै ठाउँहरू, उनीहरूले लिएका पथहरू सम्झन्छन्। यो विशेष गरी कुन ठाउँहरूमा प्रशस्त पानी र उत्तम खाना छ भनेर जान्न उपयोगी छ।

या त हात्तीहरूको बथानमा वा हात्तीहरूका दुई समूह बीच उनीहरूलाई संचार गर्नको लागि कान, पैताला र ध्वनिहरु धेरै महत्त्वपूर्ण हुन्छ। सुडबाट ठूलो तुरहीको आवाज निकालेर र आफ्नो खुट्टा ठप ठपाएर हात्तीहरु दश किलोमिटर टाढा भएका अन्य हात्तीहरूलाई सुन्न सक्छ।



सुडको प्रयोगले उनीहरूले आफ्नो परिवार भित्रका सम्बन्धहरू बलियो बनाउदछन। उनीहरूले एक अर्कालाई धेरै स्पर्श गरेर उनीहरूमा भएको भावनाहरू देखाउँछन्।


# पर्यटन

दुर्भाग्यवस, एशियामा सबै हात्तीहरु स्वतन्त्र वातावरणमा छैनन्, कोही हात्तीहरु मानिसहरूसँग बस्दछन्। हामी सो हात्तीहरुलाई बन्धक हात्ती किन भन्छौ भने उनिहरुलाई कसैले पालेको हो र उनिहरु जे पनि गर्न स्वतन्त्र छैनन्।



## तर यी हात्तीहरू के गर्दैछन्?

तिनीहरू पर्यटकलाई पिठ्युमा बसालेर जंगलको यात्रा गराउछन। यद्यपि हात्तीले उसको पीठमा भारी बोक्न सके पनि, धेरै कामले साररिक समस्या निम्त्याउन सक्छ। यी काम गर्ने हात्तीहरूको जीवन एकदमै गाह्रो छ।



STAND UP 4 ELEPHANTS
SU4E

# एशियाई हात्ती लागि खतराहरू


## वन फँडानी

जब मानिसहरूले वनको रूखहरू काटेर सहर, फार्म, खेतहरू निर्माण गर्छन त्यसलाई वन फँडानी भनिन्छ। समस्या यो हो कि वन फँडानीले धेरै जीवजन्तुहरु बेघर हुन्छन। हो! कतै पनि जाने ठाउँ नभएर जनावरहरू भोकाउँछन् र खानेकुरा खोज्न शहरहरूमा जान बाध्य हुन्छन। ठुलो जनावरहरूले मानिस र पशु बीच विनाश कहर गरेर समस्या निम्त्याउन सक्छन।



## तस्करी

जब कुनै व्यक्तिले अनुमति बिना कुनै जंगली जनावरलाई मार्छ वा कब्जा गर्छ भने त्यसलाई तस्करी भनिन्छ। धेरै हात्तीहरु उनीहरूको सुडको लागि मारिएका छन् किनभने मानवले उनीहरूको सुडलाई पुन: बेच्छन् र धेरै पैसा कमाउँछन्।





# स्ट्यान्ड अप फर एलिफेंट नेपाल

अस्तित्वमा रहेका धेरै समस्याहरूको बाबजुद स्ट्यान्ड अप फर एलिफेंट जस्ता संघहरु नेपालमा यी हात्तीहरुलाई सहयोग पुर्‍याउन आएका छन्।

**<u>तर यो संस्थाले के गर्छ?</u>**

यसको उद्देश्य बन्दी बनाइएका हात्तीहरू, तिनीहरूका माहुते (हात्ती हेरचाहकर्ता), र तिनीहरू बस्ने समुदाय (गाउँलेहरू) को जीवन सुधार गर्नु हो।

**<u>तर कसरी</u>?**

हात्ती के हो, उसको जीवन कस्तो छ, उनीहरु नेपालमा कसरी छन्, तिनीहरू मानिसहरुसंग किन छन् र हामी कसरी तिनीहरुलाई सहयोग गर्न सक्छौं भनेर तपाईहरु जस्तो बच्चाहरुलाई सिकाउने प्रयास गर्छौं। यस संस्थाले गाउँ र बिद्यालयका मानिस र माहुते र यी हात्तीहरूको जीवन कसरी अझ राम्रो बनाउन र पछि पर्यटकहरू संगको यात्रालाई पूर्ण रूपमा रोक्नको लागि काम गर्दछ।



# प्रश्नोत्तर प्रतियोगिता

**अर्को चरण: यदि तपाईले मतभेदहरूलाई सही तरिकाले अनुसरण गर्नुभएको छ भने, मलाई लाग्छ तपाई यस प्रश्नोत्तरीमा गलत हुन सक्नुहुन्न।**



**१) गलत कथनमा टिक गर्नुहोस्:**

क) हात्तीले पानी पिउन आफ्नो सुडको प्रयोग गर्छ।

ख) हात्तीले सुडले सास फेर्छ।

ग) हात्तीको सुडमा धेरै हड्डीहरु हुन्छ।



**२) हात्ती कति समय बाँच्दछ?**

क) १० बर्ष

ख) ३० बर्ष

ग) ८० बर्ष



**३) हात्तीहरूले कति किलोमिटर टाढा एक अर्कालाई सुन्न सक्दछन्?**

क) २ कि.मि

ख) १० कि.मि

ग) १०० कि.मि

STAND UP 4 ELEPHANTS
SU4E